प.स.नं.७९/९४

मिति: २०८२/१०/०६

श्री नेपाल स्टक एक्सेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

बिषय : **कम्पनीको ७७ औं वार्षिक साधारण सभाको निर्णय पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्वन्धमा यहि मिति २०८२/०९/२९ गते मंगलवारका दिन त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौंमा सम्पन्न कम्पनीको ७७ औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरु यसै पत्र साथ संलग्न राखि पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

सुलना श्रेष्ठ
कम्पनी सचिव

बोधार्थ :
१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतली सडक, काठमाण्डौं ।
३) श्री एनआईएमबि एस. क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं ।

# नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको
# २०८२ साल पौष २९ गते मंगलबारका दिन सम्पन्न
# ७७औं बार्षिक साधारण सभामा पेश भएका प्रस्ताव तथा निर्णयहरु

## १. वैधानिक सभा

कम्पनी ऐन, २०६३ र कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको ७७औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदज्यूको अध्यक्षतामा निम्न स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल गरी विधिवत रुपमा सम्पन्न भयो ।

***७७औं साधारणसभा भएको स्थान, मिति र समय***

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौं ।
मिति : २०८२ साल पौष २९ गते (तदनुसार १३ जनवरी २०२६) मंगलबार ।
समय : बिहानको ११:०० बजे ।

## २. छलफल भएका बिषयहरु

**(क) सामान्य प्रस्तावहरु:-**

१) कम्पनीको आ.व.२०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) आ.व.२०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३) कम्पनीको आ.व २०८१/८२ को मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,५४,८५,७५,००५/- (अक्षरुपी दुई अर्ब चौवन्न करोड पचासी लाख पचहत्तर हजार पाँच) को ६.३१५८ प्रतिशतका दरले हुने रु.१६,०९,६२,६३१.८७ (अक्षरुपी सोह्र करोड नौ लाख बैसठ्ठी हजार छ सय एकतीस र पैसा सतासी मात्र) बराबरको नगद लाभांश कर सहित वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक Kripa Shrestha & Associates कानुनत पुन: नियुक्त हुन सक्ने) ।

**ख) विशेष प्रस्तावहरु :-**

१) संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग) विविध :**

## ३. उपस्थिति :

**(क) सञ्चालक समितिको उपस्थिति:**

| | | |
|---|---|---|
| श्री चन्द्रसिंह साउद | अध्यक्ष | प्रतिनिधि चार्टड क्यापिटल एण्ड इन्भेष्टमेन्ट लि. |
| श्री सबिता श्रेष्ठ जोशी | सञ्चालक | सर्बसाधरण शेयरधनी समूह |
| श्री निशान्त जोगाई | सञ्चालक | प्रतिनिधि अग्रिम इन्टरनेशनल प्रा.लि. |
| श्री वीर बिक्रम रायमाझी | सञ्चालक | स्वतन्त्र सञ्चालक |

| | | |
|---|---|---|
| श्री सजल मास्के | सञ्चालक | सर्बसाधरण शेयरधनी समूह (प्रतिनिधि ग्रो क्यापिटल लि.) |
| श्री विश्वराज बराल | सञ्चालक | प्रतिनिधि नेपाल बैंक लि. |

**(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

श्री वीरकृष्ण महर्जन - प्रमुख कार्यकारी अधिकृत
श्री ईश्वर पोखरेल - नायब प्रमुख कार्यकारी अधिकृत
श्री चन्द्र नाथ उप्रेती - सहायक प्रमुख कार्यकारी अधिकृत
श्री विकल लाल श्रेष्ठ - सहायक प्रमुख कार्यकारी अधिकृत
श्री दयानिधि प्र.ओझैया - मुख्य प्रबन्धक (दावी विभाग)
श्री उमेश अवस्थी - मुख्य प्रबन्धक (लेखा तथा वित्त विभाग)
श्री गोकर्ण प्रसाद खतिवडा - मुख्य प्रबन्धक (बजार व्यवस्थापन विभाग)
श्री निरोज कोइराला - मुख्य प्रबन्धक (मानवस्रोत तथा व्यवस्थापन सेवा विभाग)
श्री समुन्द्र के.सी. - बरिष्ठ प्रबन्धक (पुनर्बीमा विभाग)
श्री सुलना श्रेष्ठ - प्रबन्धक ((कम्पनी सचिव)
श्री श्याम पंडित - उपप्रबन्धक (सूचना प्रविधि विभाग)
श्री विष्णु ढुंगाना - उपप्रबन्धक (जोखिमाकंन विभाग)

**(ग) पर्यवेक्षक तथा प्रतिनिधिहरुको उपस्थिति**

१) संस्थापक शेयरधनी नेपाल बैक लि.को तर्फबाट श्री जुलिया ज्ञवाली ।

२) संस्थापक शेयरधनी एशियन लाईफ इन्स्योरेन्स लिमिटेड तथा गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लिमिटेडको तर्फबाट श्री सजल मास्के ।

३) संस्थापक शेयरधनी बिशाल मिनेरल्स एण्ड माइन्स प्रा.लि, ए.ए.ए..इन्भेष्टमेण्ट प्रा.लि, प्रुडेन्सियल क्यापिटल मेनेजमेन्ट कं प्रा.लि., युनाईटेड डिष्ट्रिब्युटर्स नेपाल प्रा.लि., लाईफ केयर डिष्ट्रिब्युटर्स प्रा.लि., भि.जि. अटोमोवाईल्स प्रा.लि., श्री गणेश प्रोपर्टिज एण्ड इनभेष्टमेन्ट प्रा.लि., अग्रिम ईन्टरनेशनल प्रा.लि., सूर्य ज्योति लाईफ इन्स्योरेन्स क. लि. तथा पुजा ईन्टरनेशनल नेपालको तर्फबाट सञ्चालक श्री निशान्त जोगाई ।

५) संस्थापक शेयरधनी चार्टर्ड क्यापिटल एण्ड ईन्भेष्टमेन्ट लि. को तर्फबाट श्री चन्द्रसिंह साउद ।

**(घ) शेयरधनीहरुको उपस्थिति**

| | |
|---|---|
| स्वयम् उपस्थित | १२५ |
| प्रतिनिधि | ४ |
| **जम्मा** | १२९ |

**४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम)**

| विवरण | कुल सङ्ख्या | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी | २६९८० | १२९ | ०.४७% |
| शेयर सख्या | २,५४,८५,७५० शेयर संख्या मध्ये १,४४,२९,१९८ को प्रतिनिधित्व भएको । | - | ५६.६१ % |

**५.सभाको वैधानिकता**

साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी एवम् अन्य महानुभावहरुलाई सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम आवश्यक गणपूरक सङ्ख्या पुगिसकेको हुँदा सभा वैधानिक भएकाले सभा सञ्चालन गर्नका लागि सभाबाट अनुमति लिई कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भएअनुसार सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदले गर्नुभयो । सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, मुख्य प्रबन्धकहरु, विभागिय प्रमुखहरु, अन्य कर्मचारीहरु, शेयरधनी महानुभावहरु, तथा अन्य आमन्त्रित नियामक निकायका प्रतिनिधि/पर्यवेक्षकहरुको आसन ग्रहण सम्पन्न गरीसके पछि कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री वीरकृष्ण महर्जनबाट सभामा उपस्थित सम्पूर्ण अतिथि, प्रतिनिधि/पर्यवेक्षक, कर्मचारी लगायत शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य राख्नु भयो ।

**६.वार्षिक प्रतिवेदन प्रस्तुति र छलफल**

सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका सभाध्यक्ष श्री चन्द्रसिंह साउदले सञ्चालक समितिका तर्फबाट कम्पनीको आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु उपर जिज्ञासा एवं सुझावहरु भए छलफलमा सहभागी हुन उपस्थित शेयरधनीहरुलाई अनुरोध गरे बमोजिम प्रत्यक्ष रुपमा शेयरधनी महानुभावहरुले राय सुझाव नराख्नु भएतापनि देहाय बमोजिमका शेयरधनीहरुबाट लिखित रुपमा राय सुझाव दिनुभयो ।

**राय सुझाव दिने शेयरधनीहरु :**

१) श्री नरसिंह लाल चखूँ
२) श्री उत्तम दत्त पाण्डे
३) श्री चन्द्र नारायण श्रेष्ठ

**लिखित रुपमा प्राप्त राय सुझावहरु निम्न बमोजिम रहेका छन् :-**

- नगद लाभांश प्रतिशेयर ६.३१५८ प्रतिशतका दरले दिनु भएकोमा धन्यवाद ।
- नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कम्पनीको चुक्ता पूँजी रु.२५४ करोड पुऱ्याउनु भएकोमा आभार व्यक्त ।
- वार्षिक साधारणसभा यहि पुस भित्रै सम्पन्न गर्न सकेको सञ्चालक समिति तथा व्यवस्थापनलाई विशेष धन्यवाद ।
- ROA, ROI, ROE र Return on Revenue मा अझै सुधार गर्नु हुन ।
- बजारमुखी, नाफामुखी एवंम परिणाममुखी व्यवस्थापनमा जोड दिनु हुन ।
- समयानुकुल लगानीलाई विविधिकरण गर्नु हुन ।
- NFRS 17 लागू गरिने सवालमा शेयरधनीलाई के कस्ता सू-सचेतना गर्न सकिन्छ त्यसतर्फ ध्यान दिनु हुन ।
- कम्पनीले उठाउनु पर्ने बाँकी हरहिसाबहरु समयमा असूल उपर गर्ने तिर प्रयास जारी गर्नु हुन ।

६. साधारण सभाका प्रस्ताव तथा निर्णयहरु

(क) सामान्य प्रस्तावहरुः-

प्रस्ताव नं १ : कम्पनीको आ.व.२०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

निर्णय : **सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउद ज्यूबाट कम्पनीको ७७औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट प्रस्तुत आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : आ.व.२०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

निर्णय : **कम्पनीको आ.व.२०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ३ : कम्पनीको आ.व २०८१/८२ को मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,५४,८५,७५,००५/- (अक्षरुपी दुई अर्व चौवन्न करोड पचासी लाख पचहत्तर हजार पाँच) को ६.३१५८ प्रतिशतका दरले हुने रु. १६,०९,६२,६३१.८७ (अक्षरुपी सोह्र करोड नौ लाख बैसठ्ठी हजार छ सय एकतीस र पैसा सतासी मात्र) बराबरको नगद लाभांश कर सहित वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

निर्णय : **कम्पनीको आ.व २०८१/८२ को मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,५४,८५,७५,००५/- (अक्षरुपी दुई अर्व चौवन्न करोड पचासी लाख पचहत्तर हजार पाँच) को ६.३१५८ प्रतिशतका दरले हुने रु. १६,०९,६२,६३१.८७ (अक्षरुपी सोह्र करोड नौ लाख बैसठ्ठी हजार छ सय एकतीस र पैसा सतासी मात्र) बराबरको नगद लाभांश कर सहित वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ : कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक Kripa Shrestha & Associates कानुनत पुनः नियुक्त हुन सक्ने)

निर्णय : **कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री Kripa Shrestha & Associates लाई रु.५,००,०००।- ( अक्षरुपी पाँच लाख, मु.अ.कर बाहेक) लेखापरीक्षण शुल्क तथा शाखा निरीक्षणको क्रममा उपत्यका बाहिर जाँदा आउंदा CA को लागि दैनिक रु.३,५००।- र Semi -qualified CA को लागि दैनिक रु.२,५००।- भ्रमण खर्च भुक्तानी दिने गरी लेखापरीक्षकमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

ख) विशेष प्रस्तावहरु :-

प्रस्ताव नं १ : संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्णय : **संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) विविध:**

प्रस्ताव १ : कम्पनीका सञ्चालक समितिका सदस्यहरुको रु. पाँच लाख सम्म औषधोपचार बीमा गर्ने ।

निर्णय : **कम्पनीका सञ्चालक समितिका सदस्यहरुको रु. पाँच लाख सम्म औषधोपचार बीमा गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**७. धन्यबाद ज्ञापन तथा सभा समापन**

अन्तमा, शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका अमूल्य सुझाव एवं सल्लाहहरु मार्गदर्शनको रुपमा लिने विश्वास दिलाउँदै यस सभालाई सफल पार्न सहयोग पुऱ्याउनुहुने कम्पनीका शेयरधनी महानुभावहरु, नियामक निकायबाट आउनु भएका प्रतिनिधि/पर्यवेक्षक तथा आमन्त्रित महानुभावहरु, कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै सभाका सभा अध्यक्ष एवम् सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदबाट अपरान्ह १२:३० वजे कम्पनीको ७७औं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

सुलना श्रेष्ठ
कम्पनी सचिव

चन्द्रसिंह साउद
अध्यक्ष

मिति : २०८२/०९/२९